जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सुजिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुलफकार आलि
गा.पा. अध्यक्ष

CS CamScanner

# १९ औ गाउँ सभा अधिवेशनमा

उपाध्यक्ष श्री प्रियंका देवी ज्यूको तर्फबाट २ नं. वडा अध्यक्ष एवम्

सभा सदस्य श्री मनोज कुमार यादव ज्यूद्वारा प्रस्तुत

**आर्थिक वर्ष २०८३/०८४ को**

## विश्रामपुर गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट

विश्रामपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विश्रामपुर , बारा

मधेश प्रदेश, नेपाल

२०८३ साल असार ०६ गते

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा

जुल्फकार अलि मुटी
गा.पा. अध्यक्ष

# १९ औ गाउँ सभा अधिवेशनमा

## उपाध्यक्ष श्री प्रियंका देवी ज्यूको तर्फबाट २ नं. वडा अध्यक्ष एवम् सभा सदस्य श्री मनोज कुमार यादव ज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को

## विश्रामपुर गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट

**विश्रामपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**विश्रामपुर , बारा**

**मधेश प्रदेश, नेपाल**

**२०८३ साल असार ०६ गते**

सुशिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि
गा.पा. अध्यक्ष

## १.गाउँपालिकाको संक्षिप्त परिचयः

बारा जिल्लामा विद्यमान १६ स्थानीय तहहरुमध्ये विश्रामपुर गाउँपालिका जिल्लाको दक्षिणपश्चिम भागमा अवस्थित रहेको छ । साविक छतवा, बरैनिया, विश्रामपुर , र इटियाही ४ वटा गाविस मिलेर बनेको यो गाउँपालिका१९.८१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । मधेश प्रदेश को बारा जिल्ला अन्तर्गत समतल भुभागको विशेषता बोकेको यो गाउँपालिको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### १.१ भौगोलिक अवस्थिति

समुन्द्री सतहबाट ७९ देखि ८८ मिटर सम्मको उचाईमा रहेको विश्रामपुर गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २७ डिग्री ९६ मिनेट ३६ सेकेण्ड देखि २७ डिग्री २ मिनेट २१ सेकेण्ड उत्तरी अक्षांश र ८४ डिग्री ८६ मिनेट ८३ सेकेण्ड देखि ८४ डिग्री ९४ मिनेट ८२ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । विश्रामपुर गाउँपालिका बारा पश्चिम दक्षिण भागमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा फेटा र कलैया उपमहानगरपालिका, पश्चिममा पर्सा जिल्लाको वीरगंज महानगरपालिका उत्तरमा प्रसौनी गाउँपालिका र दक्षिणमा छिमेकी मुलुक भारत संग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफलको १.५६ प्रतिशत भुभाग ओगटने यस गाउँपालिकाको क्षेत्रफल १९.८१ वर्ग किमी रहेको छ । गाउँपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | समावेश साविक गा.वि.स | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | छतवा (१-९) | ५.२५ | २६.५ |
| २ | बरैनिया (१-९) | ३.०४ | १५.३५ |
| ३ | विश्रामपुर (३-९) | १.९१ | ९.६४२ |
| ४ | विश्रामपुर (१-२) | ३.१ | १.५६५ |
| ५ | इटियाही (१-९) | ६.५१ | ३२.८६ |
| जम्मा | | १९.८१ | १०० % |

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा

गा.पा. अध्यक्ष

## १.२ राजनीतिक अवस्थिति

विश्रामपुर गाउँपालिका मधेश प्रदेश अन्तर्गत बारा जिल्लामा अवस्थित रहेको छ । साविकका ४ गाविसहरु समावेश गरी बनाइएको यस गाउँपालिकामा ५ वडाहरु रहेका छन् । बारा जिल्लामा विद्यमान २ उप-महानगरपालिका र ५ नगरपालिका र ९ गाउँपालिका गरी १६ वटा स्थानीय तहमध्ये विश्रामपुर गाउँपालिका पनि एक हो । हाल यस गाउँपालिकाको केन्द्र विश्रामपुर गाउँपालिका वडा नं. ३, विश्रामपुर मा कार्यालय रहेको छ । यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ४ मा तथा प्रदेश सभा निर्वाचन क्षेत्र मध्ये "४ (ख)" अन्तर्गत पर्दछ ।

## १.३ धरातलीय अवस्था

मधेश प्रदेश अन्तर्गत बारा जिल्लाको विश्रामपुरगाउँपालिका एउटा समतल तराईको रुपमा रहेको छ । यस क्षेत्रमा धरातलीय स्वरुप अधिकांश भुभाग खेतीयोग्य क्षेत्रले ओगटेको छ । यस गाउँपालिका भित्र साविकका छतवा, बरैनिया, विश्रामपुर र इटियाही गा.वि.स रहेको छ ।

## २ विद्यमान अवस्थाको समिक्षा:

## २.१ सबल पक्षः

विश्रामपुर गाउँपालिका बारा जिल्ला भरि कै एक आर्थिक समुद्धिको सम्भावना बोकेको गाउँपालिका हो । यस क्षेत्रमा मुख्य गरी कृषि गतिविधी संचालन गरी मनग्य आम्दानी गरिन सकिन्छ ।

यस क्षेत्रमा मौसमी खेतीको रुपमा हरियो तरकारी ,आलु, मकै, जौ, गहुँ, धान, मसुरो, तोरी लगायतका तेलहन, दलहन, खाद्यन्न तथा उँखु लगयातका नगदे बालीको पर्याप्त मात्रामा उत्पादन गरी व्यवसायीक कृषि तर्फ उन्मुख हुन सकिने अवस्था रहेको छ । यस क्षेत्रमा विभिन्न जातजातिको मिश्रीत बासोवास रहेकाले यस क्षेत्र बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातिय बिशेषताले भरिएको छ । धार्मिक सहिष्णुता र सामाजिक सद्भाव यस क्षेत्रको अभिन्न चिनारी रहेको छ ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि खुर्शी
गा.पा. अध्यक्ष

## २.२ कमजोर पक्षः

भौगोलिक दृष्टिले वडा नं. १ को ग्रामिण क्षेत्र भएका कारण यस क्षेत्रमा यातायातको सञ्जाल विस्तार भए पनि सहज रुपमा विकास भएको छैन। सिकाई उपलब्ध रहेको छ। विकासका पूर्वाधारहरुको यथेष्ट मात्रामा विकास र विस्तार गर्न सकिएको छैन। शैक्षिक अवस्थामा राष्ट्रिय स्तर भन्दा मध्यम रहेको छ। विद्यालय भर्ना, विद्यालय छाड्ने, अनुपस्थित हुने र कक्षा दोहोर्याउने विद्यार्थीहरुको संख्या बढ्दो क्रममा रहेको छ। स्वास्थ्यकर्मि, स्वास्थ्य संस्थाहरुको गुणस्तर बृद्धि गर्न नसकिएका कारण प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूत गर्न सकिएको छैन। वडा नं. ३ मा सहज प्रसुत्ती सेवाका लागि बर्थिङ्ग सेन्टरको भएपनि ग्रामिण भु भागा को वडा नं. १ र २ का जनताका लागि पर्याप्त सुलभ प्रसुत्ती सेवा पुर्‍याउन सकिएको छैन।

## २.३ सम्भाव्यता र अवसरः

यस क्षेत्रको सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सुचना प्रविधि, शैक्षिक, शिक्षण केन्द्र, वित्तिय सेवा, बैदेशिक रोजगार, व्यवसायिक माछापालन, पशुपालन, आधुनिक कृषि व्यवसाय जस्ता आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरु रहेका छन्। समग्रमा हेर्दा विश्रामपुर क्षेत्रमा कृषि अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। यहाँका कृषि योग्य जग्गाहरुमा खाधान्नको साथै अन्य नगदे तरकारी बालि, फलफुल, उखु, तोरी, तरकारी, मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको कारण अधिकतम लागत मुल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यक्ता अनुसार बृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, वीउ, बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितीमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरु रहेको छ।

गाउँपालिकाको विश्रामपुर मन्दिर, कल्याणपुर मन्दिर र यस वरिपरिका क्षेत्रहरुलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने रहेको छ। उक्त स्थानहरुमा पिकनीक स्पटको रुपमा विकास गर्न सकिएमा विदा मनाउने, पिकनिक खानेहरुलाई जमघट गराएर आन्तरीक तथा वाह्य पर्यटनको विकास गरि आर्थिक लाभ लिन सकिन्छ। यस क्षेत्रमा रहेका साझेदारी वनवाट

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि ...
गा.पा. अध्यक्ष

व्यवसायिक रुपमा जडिबुटी प्रसोधन गर्न सकिन्छ। यस्तै यस क्षेत्रमा उत्पादन हुने माछा तथा कृषि जन्य उत्पादनलाई व्यवसायिकता तर्फ उन्मुख गराउन सकिने सम्भावना कायम रहेको छ।

## २.४ चुनौतिः

संघियताको नयाँ अभ्यास स्थानिय सरकारको काँधमा आईसकेकाले स्थानिय तहको सफल कार्यान्वयन गर्ने युगान्तकारी जिम्मेवारीलाई सफलता पूर्वक अवतरण गर्ने दायित्व थपिएको छ। विविध कारणवाट राज्यको मुल प्रवाहिकरणवाट बञ्चित भएका समुहलाई गतिशिल शासन पद्धतीमा समाहित गर्दै लैजानु पर्ने जिम्मेवारीहरु युगले प्रदान गरेको छ। गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायातको पहुँच, दीगो आवास, खाद्य सुरक्षा र सम्प्रभुता, गुणस्तरीय जीवनको प्रत्याभुत गर्न कटिवद्ध भई लाग्नु पर्ने छ। नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु पुरा गर्न दिगो विकासका लक्ष्यहरुको प्राप्ती आएको पनि करिब ८ वर्ष पुरा भईसकेकोले , मानव विकास सुचकांकमा उल्लेख्य सुधार गर्नु पर्ने अवस्था रहेको छ। सुशासनको प्रत्याभूत गराई जनस्तरमा राज्यको उपस्थितीको बोध गराउँदै राज्य र राष्ट्र निर्माणलाई सुदृढ बनाउँदै लैजानु पर्ने अवस्था विद्यमान रहेको छ।

श्रीमान् सभा अध्यक्ष ज्यू,
गाउँसभा सदस्य ज्यूहरु, सभा सचिव ज्यू
उपस्थित गाउँ कार्यपालिकाका कर्मचारी ज्यूहरु,
सञ्चारकर्मी मित्रज्यूहरु, एवम् सम्पूर्ण महानुभावहरु।

साँस्कृतिक, धार्मिक, पर्यटकिय एवम् ऐतिहासिक दृष्टिले महत्वपूर्ण क्षेत्रमा अवस्थित यस विश्रामपुर गाउँपालिकाको ऐतिहासिक १९ औ गाउँ सभामा सहभागी भई दिनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, गाउँसभा सदस्य एवम् उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

यस अवसरमा विभिन्न कालखण्डमा नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्नका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दछु।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अली [illegible]
गा.पा. अध्यक्ष

नेपालमा संघिय गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानिय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान गरेको छ ।

नेपालको संविधानको भाग १८ धारा २२३ बमोजिम आज हामी यस सभामा उपस्थित भएका छौं । यस सभाले स्वीकृत गर्ने निती, कार्यक्रम तथा बजेट ऐतिहासिक, दुरगामी एवम् स्वच्छ र समृद्ध गाउँपालिका निर्माणको आधार हुनेछ भनि हामी विश्वस्त छौं । हामीले यो प्रकृया पुरा गर्दा सविंधानले दिएका अधिकार, नेपाल सरकार तथा प्रदेश सरकारका ऐन, कानुनहरु, नियमावलीहरु, निर्देशिका तथा आफैले निर्माण गरेका नियमावली/कार्यविधिहरुलाई अनुशरण गरेका छौं । साथै योजना तर्जुमा गर्दा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानुनको व्यवस्थाले गरेका प्रकृयाहरुलाई पुरा गरिएको व्यहोरा समेत सम्मानित सभामा राख्न चाहन्छु ।

**"समृद्ध विश्रामपुर , सुखी विश्रामपुर वासी"** भन्ने मुल नाराका साथ अगाडी बढ्ने अभिप्राय लिएको यस गाउँपालिकाको विकासको दृष्टिकोणले मध्यम स्तरको भए पनि सम्भावनाको हिसावले प्रचुर रहेको छ । गाउँपालिका क्षेत्रमा भएका सम्भावनाहरुलाई समेटेर समुन्नत नगर निर्माण गर्नका लागि यस ऐतिहासिक गाउँसभाले तय गर्ने निति, कार्यक्रम तथा बजेट गाउँपालिकाको विकासको लागि कोशेढुंगा सावित हुनेछ । यस गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोत एवम् बढ्दै गइरहेको व्यवसायले गर्दा आर्थिक विकासको प्रचुर सम्भावना रहेको छ जसवाट गाउँपालिका वासीमा रोजगारीको अवसरमा वृद्धि हुनाका साथै गाउँपालिकाको समग्र विकासमा सकारात्मक टेवा पुग्ने छ । जसको लागि सबै निर्वाचित स्थानिय जनप्रतिनिधि, माननिय सांसद ज्यू र प्रदेश सभाका सदस्यज्यूहरु, नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाका सम्पूर्ण कर्मचारी एवम् आम गाउँबासीहरुको सकृय सहयोग र सहमतिको आवश्यक्ता पर्दछ । यसरी सम्पूर्ण सम्बन्धित पक्षहरुको सहयोग र सहकार्यले गाउँपालिकाले तय गरेको निती, कार्यक्रम र त्यसका आधारमा बन्ने आ.व. २०८३।०८४ को बजेटको प्रभावकारी कार्यान्वयनबाट समृद्ध विश्रामपुर गाउँपालिका निर्माण हुने अपेक्षा छौं ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अली मुल्ला
गा.पा. अध्यक्ष

## ३. आगामी आ.ब.२०८३/०८४ को बजेट, नीति तथा कार्यक्रम

### ३.१ सोचः

नेपालको एक समुन्नत, समृद्ध र उत्कृष्ट स्थानिय तहको रुपमा विश्रामपुर गाउँपालिकालाई स्थापित गर्ने दिर्घकालिन सोच रहेको छ।

### ३.२ लक्ष्यः

आर्थिक बर्ष २०८३/०८४ को अन्त्यसम्ममा विश्रामपुर गाउँपालिकामा भौतिक, सामाजिक तथा आर्थिक विकासका प्रगति आम नागरिकहरुले महसुस गर्न सक्ने लक्ष्य लिइएको छ।

### ३.३ उद्देश्यः

विश्रामपुर गाउँपालिका बासीले यस आर्थिक वर्ष आफ्नो जीवनस्तरमा परिवर्तन भई गुणस्तरीय दैनिक जीवन यापनमा सहजता भएको महसुस गर्ने छन्।

### ३.४ अपेक्षित उपलब्धीः

आ.ब. २०८३/०८४ को अन्त्यसम्ममा देहायका उपलब्धिहरु हासिल गर्न सकिने अपेक्षा राखिएको छ :-

- सडक सञ्जालको विस्तार, स्तरोन्नती तथा सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा बुद्धि भएको हुने छ।
- गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई विद्युतिय प्रणालीबाट गरिने भएको छ।
- विश्रामपुर गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई न्यूनिकरण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ। विद्यालयहरुमा विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिएको हुनेछ।

सुशिल प्रसाद कोइरी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

CamScanner

- विश्रामपुर  गाउँपालिकामा गरिँदै आएको परम्परागरत कृषि प्रणालीमा सुधार ल्याई कृषक, युवा, लक्षित वर्ग लाभान्वित भएको हुनेछ।
- विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ।
- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्टाचार मूक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

**३.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः**

उपस्थित महानुभावहरु,

माथि उल्लेख गरिएका बजेट निर्माण एवम् प्राथमिकिकरण अधारमा विश्रामपुर  गाउँपालिकाले आ.ब.२०८३/०८४ को लागि तय भएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु।

## ४ आर्थिक विकासः

### ४.१ कृषि विकास तर्फः

- कृषि क्षेत्रमा व्यवसायिक कृषि कार्यक्रम संचालन गरिने छ।
- कृषकहरुको लागि विउबिजन तथा मलखाद अनुदानमा  उपलब्ध गराउने छ। खेतीमा उर्वराशक्ति बढाउनको लागि  माटो परिक्षण तथा किट नियन्त्रण सम्बन्धित कार्यक्रम संचालन गरिने छ।
- कृषिमा उत्पादन र कामलाई छिटोछरितो गर्नको लागि आधुनिक कृषियन्त्र प्रयोगमा बढावा दिने उद्देश्यले उक्त कार्यका लागि अनुदानको व्यवस्था गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र उत्कृष्ट कृषकलाई कृषक सम्मान  गरिने छ।
- कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई बजार व्यवस्थापन तथा लिङ्केज गराउने पहल गरिनेछ।
- कृषि औजारिकरण गर्ने गाउँपालिकाबाट विशेष अनुदानको व्यवस्था गरिने छ।
- जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिने छ।
- कृषि उत्पादकत्वलाई वृद्धि गरी आय आर्जनमा टेवा पुर्याउने हेतु नगदे बालीमा तरकारी खेती गर्न प्रोत्साहन दिइनेछ।

सुनिल प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

[illegible]
गा.पा. अध्यक्ष

- बेमौसमी खेती तथा थोपा सिंचाइ आयोजना लागु गर्न आवश्यक पहल गरिने छ।
- सिंचाई व्यवस्थापनको लागि कृषि बोरिङ्ग तथा कृषि विद्युतिकरण कार्य विशेष तदारुकताका साथ अगाडी बढाईनेछ।

## ४.२ पशुपन्छि विकास

- उन्नत पशुपालन, पशु बिमा, गोठ सुधार जस्ता कार्यक्रमहरु सञ्चालन विशेष पहल गरिने छ।
- यस विश्रामपुर गाउँपालिका क्षेत्रभित्रको पशुहरुमा लाग्ने रोगहरुको निःशुल्क उपचार गरिने व्यवस्था मिलाईनेछ।
- पशुहरुमा हुने आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण कार्यक्रमलाई विशेष प्राथमिकता राख्ने छ।
- गाई / भैसमी कृत्रिम गर्भाधारणलाई ग्रामिण क्षेत्रमां सामुदायिक पशु प्रजनन् केन्द्रको सुरुवात गर्ने र ती ठाउँमा न्युन उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिने छ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिने छ।
- आधुनिक व्यवसायिक बाख्रा/गाई फर्मको विकासमा जोड दिइने छ। त्यसका लागि विशेष अनुदान दिने व्यवस्था मिलाईनेछ।
- हिउँदमा पशुहरुको आहारामा आपूर्तिको लागि स्थानिय पोषिला घाँसहरुको पहिचान संरक्षण स्थानिय श्रोत साधनवाट पौष्टिक आहारको प्रवर्द्धन गरिने छ।
- व्यवसायिक पशु पालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइने छ।
- विश्रामपुर गाउँपालिकाका पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी पाराभेट र ग्रामिण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइने छ।
- पशु उपचार कार्य रोगको निदान गर्नको प्रदेश सरकार संग समन्वय गरी प्रयोगशाला स्थापन गर्ने छ।

## ४.३ उद्योग तथा बाणिज्य तर्फः

- रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तरण गरिनेछ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलि ...
गा.पा. अध्यक्ष

- आ.व. २०८३/०८४ देखि रोजगार कार्यक्रमलाई अगाडी बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाले लागत साझेदारी कायम गरिनेछ।
- बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अदयावधिक र व्यवस्थित गरिनेछ।
- पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि पुनः श्रम् स्वीकृतिको कार्यलाई पालिकाको रोजगार, सीप तथा उद्यमशीलता केन्द्रबाट सहजिकरण गरिनेछ र वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागी जानुपुर्व अभिमुखिकरण तथा अनावश्यक ठगी हुन बाट बच्नका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।जसबाट बैदेशिक रोजगारीमा गएका कामदार र उनीहरुको परिवारको अवस्थामा सुधार गर्न सहयोग गर्नेछ।
- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउनका लागि पुन एकीकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारालाई स्वास्थ्य उपचार सहयोग, शव व्यवस्थापन, उद्धार सम्बन्धी कार्य, छात्रवृत्ती कार्यक्रम, वैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मुत्यु भएका परिवारको लागि बैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा सहजिकरण गरिनेछ।
- पालिकामा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई निजि क्षेत्रहरुमा काम गर्नेको लागि सरोकालवाला तथा रोजगारदाताहरुसंग समन्वय तथा सहजिकरण गरिनेछ, सिपमुलक जिवनउपयोगी तालिमहरुमा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई प्रथमिकितामा राखिनेछ।
- कन्सुलर तथा कानूनी परामर्श सेवाहरु जस्तो खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरु रोजगार, सीप तथा उद्यमशीलता केन्द्रबाटै सहजिकरण गरीनेछ।

सुशिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलम
गा.पा. अध्यक्ष

- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सीप विकास, उद्यमशिलता प्रवर्द्धन र पुन: एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ।
- सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ताबाट वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारका सदस्यहरु तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य सुधार गर्नु, भावनात्मक सहारा दिनु र सामाजिक रूपमा पुनःसक्रिय जीवन जीउन सहयोग गर्नु जस्ता क्रियाकलाप समेत सञ्चालन गरिनेछ। साथै समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ।

**४.४ पर्यटन तर्फः**

- यस गाउपालिका क्षेत्र भित्र रहेका मठ, मन्दिर, पोखरीहरुलाई विकास गरी पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने योजना रहेको छ ।
- पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाको प्रमुख पर्यटकिय स्थलहरुको खोजी गरी पूर्वाधारको विकास गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सवै मठ मन्दिर, मस्जिद सवैको अभिलेख तयार गरी संरक्षण तथा सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**४.५ सहकारी तथा वित्तिय सेवा तर्फ**

- गरीबीको रेखा मुनि रहेका स्थानियहरुको पहिचान गरी नेपाल सरकार, सहकारी संस्था र ग्रैह सरकारी संघ संस्थाहरुको समन्वय र साझेदारीमा आयमुलक तथा सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ । सहभागिताको माध्यमवाट गाउँपालिका क्षेत्रको गरिबि न्युनिकरण एवम् सामाजिक पुँजी निर्माणका कार्यक्रम सञ्चालन गर्न जोड दिइने छ ।
- गरिबी निवारण कोष लगायत अन्य सरकारी तथा गैह सरकारी संघ संस्थावाट आयआर्जन बृद्धि गर्नको लागि प्राप्त हुने रकम सहकारीकरण गरी आयमुलक कार्यक्रममा परिचालन गर्न पहल गरिने छ ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि
गा.पा. अध्यक्ष

- गाउँपालिका क्षेत्र भित्र टोल विकास संस्था लगायतका सामुदायिक संघसंस्था गठन गरी सो संघसंस्थावाट प्रभावकारी कार्यसम्पादन गरी समग्र गाउँपालिकाको विकास प्रकृयामा सहभागी गराईनेछ।
- सहकारी क्षेत्रलाइ प्रवर्द्धन गर्दै गाउँपालिकाको विकासमा आर्थिक एवम् सामाजिक विकासमा अधिकतम परिचालन गर्ने।
- गाउँपालिका क्षेत्रभित्र संचालित सहकारी हरुलाई प्रोत्साहन गर्न आवश्यक सामाग्रीहरु पहिचान गरी वितरण गर्न लक्ष्य राखिएको छ।

## ५.सामाजिक विकासः

### ५.१ शिक्षा तथा खेलकुद तर्फः

- सबै बालबालिकाको लागि गुणस्तरीय शिक्षामा समान पहुँचको सुनिश्चितता गराउने रास्ट्रिय नीति अनुरुप बिद्यालय उमेर समुहका बालबालिका,किशोरकिशोरी सबैलाई बिद्यालयमा भर्ना गराउने ,बिद्यालयमा बिद्यार्थी भर्ना बिद्यालय बाहिर रहेका किशोर किशोरीहरुको तथ्यांक संकलन, अनौपचारिक शिक्षा मार्फत किशोरी शिक्षा जस्ता कार्यक्रम संचालन गरिनेछ ,बिद्यालय स्तरमा आधारभूत तह १-८ को स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई गरी आगामी शैक्षिक सत्र बाट कार्यन्वयनमा ल्याइने छ।
- माध्यमिक तहमा अध्ययनरत बिद्यार्थीहरुको लागि मनोसामाजिक परामर्श,वृती मार्गनिर्देशन तथा परामर्श जस्ता कार्यक्रमलाई बिद्यालयगत रुपमा कार्यान्वियन गरिनेछ।
- गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि तहगत तथा बिषयगत रुपमा गाउँपालिका स्रोत बाट शिक्षक दरबन्दी संसोधन गरिनेछ साथै सामुदायिक विद्यालयको दरबन्दी मिलान,प्रारम्भिक बालविकास/निजि स्रोत शिक्षकहरुमा उत्प्रेरणा जगाउनको लागि शैक्षिक सामग्री निर्माण र प्रदर्शनी, सिपको विकास ,शिक्षक पेशागत विकास कार्यक्रम तथा निजि स्रोत/अनुदान शिक्षकहरुलाई पोशाक भत्ता समेतको निरन्तरता गरिनेछ।
- गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बिद्यालयमा उत्कृस्ट नतिजा ल्याउने ,सिकाई उपलब्धि हासिल गराउने बिद्यालय, बिद्यार्थीलाई पुरस्कार तथा प्रोत्साहन गरिनेछ।

मुजिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अली बुट
गा.पा. अध्यक्ष

- प्राबिधिक शिक्षामा पहुच तथा विस्तार गराउनेको लागि प्राबिधिक धार संचालित श्री नेपाल राष्ट्रिय माध्यमिक बिद्यालय इटियाहीलाई भौतिक तथा शैक्षिक सुधारको लागि गा.पा. स्तरबाट थप अनुदानको ब्यबस्थापन गरिनेछ, बिगतको आ.ब अन्तर्गत बिबिध अनुदान बाट निर्माण सुचारु भई अधुरो रहेको सामुदायिक बिद्यालय शैक्षिक भवन निर्माण निर्माण सम्पन्न गराउनको लागि बजेट रकमको व्यवस्था गरिनेछ।

- सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा १० का बिद्यार्थीहरुलाई निशुल्क कोचिंगको ब्यबस्थापन निरन्तरता दिइनेछ , सिकाई उपलब्धि कमजोर रहेको र बिगतको नतिजा कमजोर रहेको बिद्यालयहरुमा थप सिकाई गराउनको लागि आवश्यक रकम बिनियोजन गरिनेछ , बिद्यालयमा अभिभावक लाई जोड्नको लागि हरेको सामुदायिक बिद्यालयमा अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

- बाल मैत्री बिद्यालय अवधारणा अनुसार सामुदायिक बिद्यालयको बालविकास कक्षालाई नमुना कक्षाको रुपमा विकास गराउने साथै कक्षा कोठा ब्यबस्थित बनाउनको लागि फर्निचर तथा शैक्षिक सामग्रीको ब्यबस्थापन लाई निरन्तरता दिईनेछ ,बिद्यालस्तरमा आवश्यक पर्ने खानेपानी तथा शौचालय ब्यबस्थापन ,मर्मत सम्भार,सरसफाई कर्मीको लागि अनुदानको ब्यबस्थापन गरिनेछ।

- आधारभूत तह तथा माध्यमिक तहमा उत्कृस्ट नतिजा हासिल गर्ने सामुदायिक बिद्यालय लाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ . सामुदायिक बिद्यालको शैक्षिक ,प्रशासकीय शुसासन तथा ब्यबस्थापकीय पक्षको सुधार गर्नको लागि पालिका स्तरमा शिक्षकहरुको बिज्ञ समुह गठन गरी शिक्षक पेशागत सहयोग कार्यक्रम मार्फत शिक्षकको कक्षा अवलोकन,मुल्यांकन तथा पृष्ठपोषण जस्ता कुरालाई थप ब्यबस्थापन गरिनेछ।

- बिद्यालय शैक्षिक सुशासन अभिवृद्धिको लागि प्रधानाध्यापक/लेखापाल तथा बिद्यालय ब्यबस्थापन समिति तथा अभिभावक लाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ . सामुदायिक बिद्यालयका शिक्षक तथा प्रधानाध्यापक लाई थप जिम्मेवार बनाउन प्रधानाध्यापक संग शैक्षिक कार्यसम्पादन सम्झौता गरिनेछ।

- बिद्यार्थीहरुमा ब्यबहारिक सिप , सिर्जनशीलता,मौलिक सोच, रचनात्मक सिप विकास गराउनको लागि बिद्यालय स्तर तथा पालिकास्तरमा बिबिध अतिरिक्त कार्यक्रमहरु संचालन तथा ब्यबस्थापन गरिनेछ।

सुजिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि भुट्टो
गा.पा. अध्यक्ष

- सामुदायिक विद्यालयको नक्सांकन गरी विद्यालयको अनुमति ,स्वीकृति तथा समायोजन गराउने कार्य लाई निरन्तरता दिइनेछ ,सामुदायिक बिद्यालय लाई प्रबिधि मैत्री बनाउनको लागि इन्टरनेट जडान ,स्मार्ट बोर्ड ब्यबस्थापन तथा कम्प्युटर ब्यबस्थापन गरिनेछ, पालिका स्तरमा शैक्षिक प्रगति सूचक झल्कने गरी शैक्षिक डिजिटल प्रोफाईल निर्माण गरी अभिलेखीकरण गरिनेछ।
- सामुदायिक बिद्यालयहरुमा एकरुपता कायम हुने गरी भित्ते लेखन ,छापामय कक्षाकोठा तथा बिद्यालय रङ्गरोगनको लागि आवश्यक बजेट रकम बिनियोजन गरिनेछ . सम्पूर्ण सामुदायिक बिद्यालय हरुलाई तोकिएको कार्यसम्पादन सूचक तथा सामाजिक परिक्षणको आधारमा बिद्यालय संचालन तथा ब्यबस्थापन अनुदान अन्तर्गत रकम बिनियोजन गरिनेछ।
- सामुदायिक बिद्यालय कक्षा १० तथा १२ का बार्षिक परीक्षा दिई बसेका बिद्यार्थीहरुलाई दूई महिने प्रबिधिमैत्री ,जीवनोपयोगी सिपको विकास गराउनको लागि आवश्यक रकम बिनियोजन गरी कार्यक्रम संचालन गरिनेछ।
- यस विश्रामपुर गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण वडाहरुमा साक्षर अभियान संचालन गरी पालिकालाई साक्षर घोषणा गर्न गरिनेछ र यसको लागि गाउँपालिका स्तरमार्फत आवश्यक रकमको ब्यबस्थापन गरिनेछ।

### ५.२ स्वास्थ्य तर्फः

- आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र हगुणस्तरीय बनाउन सम्पूर्ण स्वास्थ्य संस्थालाई प्रोत्साहन गरिने छ।
- आ.ब. २०८३।०८४ देखि वडा नं. ३ मा १० शैया आधारभुत अस्पताल लाई उद्घघाटन गरि संचालनमा ल्याईने छ।
- यस गाउँपालिकाका बिषयगत नीतिहरुलाई स्वास्थ्यमैत्री बनाउनका लागि सबै नीतिमा स्वास्थ्य ( Health in All Policy ) भन्ने अवधारणा लागु गरिनेछ।
- प्रत्येक नागरिक माझ यस गाउँपालिका मा भएको प्रयोगशालाको सेवालाई सर्व सुलभ बनाईने छ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, कोशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई प्रदेश तथा संघ संगको सहकार्यमा उच्च प्राथमिकता साथ संचालन गरिनेछ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि मु...
गा.पा. अध्यक्ष

- यस पालिकाको जनताको स्वास्थ्यमा चुनौतिको रुपमा रहेको नसर्ने रोगहरुको बाट बच्नको लागि नसर्ने रोग लगायतका सेवालाई प्रदेश तथा संघ संगको सहकार्यमा उच्च प्राथमिकता साथ संचालन गरिनेछ।
- संचालनमा रहेको २४ घन्टे प्रसुती सेवा केन्द्रलाई अझै व्यवस्थित बनाईने छ जस अनतर्गत आमा तथा नवजात शिशुको उचित स्याहारको लागि आवश्यक औजार तथा उपाकरणहरु व्यस्थापन गरिने छ।
- स्वास्थ्य आपत्काल, महामारिजन्य तथा कीटजन्य रोगहरुको रोकथाम, नियनत्रण, पूर्वतयारी र प्रतिक्रियाका लागि कोष खडा गरि व्यवस्थापन प्रणालीलाई सजिलो सहज तरिकाले कार्यन्वयन गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य सेविका कार्यक्रम अन्तर्गत उमेर पुगिसकेको ( ६० बर्ष )लाई उचित सम्मानका साथ बिदाई गरि नयाँ चयन गरिनेछ | महिला सामुदायिक स्वास्थ्य सेविकहरुको क्षमता अभिबृद्धि गरिनेछ।
- किशोर किशोरी कार्यक्रमलाइ सम्पूर्ण स्वास्थ्य संस्था बाट किशोर किशोरि स्वास्थ्य सेवा प्रवाह गरिने छ।
- पोषण स्क्रिनिग बाट पत्ता लागेका कुपोषण बालबालिकालाई पूर्ण पोषित हुनको लागि आवश्यक हरेक पहल प्रयास गरिएन्छ।
- बढ्दै गएको क्षयरोगको बिरामी संख्या मा कमि लयाउन सम्पूर्ण निकाय संग समन्वय गरि जन चेतना फैलाई क्षयरोगको बिरामी शुन्य गर्ने लक्ष्य लिई आवश्यक कार्य गरिने छ।
- यस गाउँपालिकाको स्वास्थ्य संस्था मा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिब्रिधिमा बिशेष जोड दिईनेछ।
- अव्यवस्थित रहेको स्वास्थ्य संस्थालाई व्यवस्थित गरिदै लगिने छ।
- उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरि सरोकारवाला सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरु बीच समन्वय र रणनितिक सहकार्य गरि नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गरिनेछ।
- जनस्वास्थ्य संरक्षण र प्रबर्द्धन गर्नका लागि प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ।
- हाल संचालनमा रहेको एम्बुलेन्स सेवालाई अझै प्रभावकारी बनाईने छ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलि मुसे
गा.पा. अध्यक्ष

- आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत संघीय सरकार प्रदेश सरकार तथा स्थानीय सरकारले तय गरेको नीति नियमलाई प्रभावकारी रूपमा कार्यन्वयन गरिनेन छ।

**५.३ खानेपानी तथा सरसफाइ तर्फः**

- स्वच्छ सरसफाई, फोहरमैला तथा ढल व्यवस्थापन गरिने छ।
- मुख्य चोक, बजार तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने उद्देश्य रहेको छ।
- फोहरजन्य वस्तुहरुको व्यवस्थापनको लागि प्रत्येक वडामा ट्रेक्टरको ब्यवस्था गर्ने र फोहोर ब्यवस्थापनका लागि डम्पिङ्ग साइटको स्थापना गर्ने ।
- सरसफाई कर्मीको ब्यवस्थापन गर्ने।

**५.४ लैंगिक समानता, सामाजिक समावेसीकरण गरिबी निवारण तथा कला सँस्कृती तर्फः**

- दशैं, तिहार, छठ, माघेसंक्रान्ती (खिचडी) इद बकरिद, घाटो, ब्रहम पुजा जस्ता बहुसंस्कृति प्रवद्र्धन गरिनेछ र यी पर्वहरुमा आर्थिक सहयोग गरिने छ।
- दुव्र्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुव्र्यसन, एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतना कार्यक्रम संचालन गरिनेछ।
- परम्परागत सिपलाई व्यवसायिकरण गरी आयआर्जनमा परिर्णत गर्ने।

**५.५ महिला,बालबालिका,आपाङ्ग तथा जेष्ठ नागरिक तथा समाजकल्याण तर्फ**

- लक्षित महिलाहरुलाई आत्मनिर्भर बनाउने तथा सम्मानपुर्वक बाच्ने वातावरण निर्माण गरिनेछ।
- सिपविकास तालिम प्राप्त महिलाहरुको लागि व्यवसाय स्थापना गरिनेछ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलि मुर्दा
गा.पा. अध्यक्ष

- माग र आवश्यक्ता अनुसारको व्यवसाय छनौट तथा तालिम पश्चात व्यवसायिक समुह सँग लक्ष्य अनुसार स्थलगत प्राबिधिक परामर्श गरिनेछ।
- विपन्न, दलित, एकल र असहाय महिलाहरुलाई लक्षित गरी आर्थिक र सामाजिक सशक्तिकरण गरिनेछ।
- सामाजिक विकृति न्युनीकरण तथा लैंगिक हिंसा निवारण गर्न पहल गरिनेछ।
- अतिअशक्त,अटिज्म,बौध्दिक अपाङ्गता भएका व्यक्तिहरु लगायत अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुलाई सम्हाल्नमा सहयोग हुने लगायतका तालिम सञ्चालन गरिनेछ।
- वास्तवीक अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा तथ्याङ्क अध्यावधिक गरिनेछ।
- अपाङ्गता परिचय पत्र वितरण हुने तथा परिचय पत्र वितरण भएका अपाङ्ग व्यक्तिको पहिचान गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा सम्बोधन गरिनेछ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा सम्बोधन गरिनेछ।
- किशोरीहरुलाई यौन शिक्षामा आधारित प्रजनन स्वास्थय तथा महिनावारी सम्बन्धि तालिम प्रदान गरिनेछ।
- बालबालिकाहरुलाई सामाजिक सञ्जालको सदुपयोग तथा दुरुपयोग तथा यसले समजमा ल्याएको विकृति न्युनीकरण गरिनेछ।
- बालविवाह तथा दाईजो प्रथा न्युनीकरण गरिनेछ।
- बाल समुह लाई व्यवस्थित गरिनेछ।

## ५.६ सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय ,मापदण्ड,कानून नीति, नियमन र अध्यन अनुसन्धान गरिने छ।
- संघ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम कार्यन्वयन गरिनेछ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

[illegible]
गा.पा. अध्यक्ष

- सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि संघप्रदेश र स्थानीय संघ संस्थासंग , ,सम्पर्क समन्वय र सहकार्य गरिने छ।
- विभागको विभिन्न परिपत्र तथा निर्देशन बमोजिम स्थानिय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एंव व्यवस्थापन गरिने छ।
- आधुनिक प्राविधिक मार्फत व्यक्तिगत घटना दर्ता सम्बन्ध ,बसाईसराई, विवाह ,मृत्यू ,जन्म ) विच्छेद र सम्बन्धी अभिलेख व्यवस्थापन गरिने छ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) मार्फत सबै स्थानिय तह सम्बन्धीत निकायमा पत्राचार गरि /ने छ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता गर्दा सूचक बाबुघरमूलि ,पति पत्नी ,आमा , लागायतको नागरिकत्ता विवरण सम्बन्धी कार्य शुध्दिकरणको लागिCitizenship Information Management System (CIMS) प्रविधिबाट नागरित्ता प्रमाणपत्र चेकजांच गरिने छ।

**५.७ प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

- रोजगार सेवा केन्द्रलाई **रोजगार ,सीप तथा उद्यमशीलता** केन्द्रको रुपमा रुपान्तरण गरिनेछ।
- आ.व. २०८३।०८४ देखि रोजगार कार्यक्रमलाई अगाडी बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाले लागत साझेदारी कायम गरिनेछ।
- बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अदयावधिक र व्यवस्थित गरिनेछ।
- पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि पुनः श्रम स्वीकृतिको कार्यलाई पालिकाको रोजगारसीप तथा उद्यमशीलता केन्द्रबाट सहजिकरण गरिनेछ र वैदेशिक रोजगारीलाई , व्यवस्थित र मर्यादित बनाउनका लागी जानुपुर्व अभिमुखिकरण तथा अनावश्यक ,सुरक्षित ठगी हुन बाट बच्नका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।जसबाट बैदेशिक रोजगारीमा गएका कामदार र उनीहरुको परिवारको अवस्थामा सुधार गर्न सहयोग गर्नेछ।

[signature]
...जिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

[signature]
...कार आलि ...
गा.पा. अध्यक्ष

- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउनका लागि पुन एकीकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारालाई स्वास्थ्य उपचार सहयोग, शव व्यवस्थापन, उद्धार सम्बन्धी कार्य, छात्रवृत्ती कार्यक्रमवैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मुत्यु भएका , परिवारको लागि बैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा सहजिकरण गरिनेछ।
- पालिकामा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई निजि क्षेत्रहरुमा काम गर्नेको लागि सरोकालवाला तथा रोजगारदाताहरुसंग समन्वय तथा सहजिकरण गरिनेछ, सिपमुलक जिवनउपयोगी तालिमहरुमा सुचिकृत बेरोजगार ब्यक्तीहरुलाई प्रथमिकितामा राखिनेछ।
- कन्सुलर तथा कानूनी परामर्श सेवाहरु जस्तो खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरु रोजगारसीप तथा , उद्यमशीलता केन्द्रबाटै सहजिकरण गरीनेछ।
- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुतिसीप , एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ। :उद्यमशिलता प्रवर्द्धन र पुन ,विकास
- सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ताबाट वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारका सदस्यहरु तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य सुधार गर्नु, भावनात्मक सहारा दिनु र सामाजिक रूपमा पुनःसक्रिय जीवन जीउन सहयोग गर्नु जस्ता क्रियाकलाप समेत सञ्चालन गरिनेछ। साथै समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ।

**६. पूर्वाधार क्षेत्रः**

**६.१ सडक तथा पुल**

सुशिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलि मुर
गा.पा. अध्यक्ष

- मुख्य सडक, भित्री सडक, कृषि सडक, पुल, कलभर्ट आदिको निर्माण तथा मर्मत गर्नु पर्ने सडकहरुलाई प्राथमिक्तामा राखी कार्य संचालन गरिनेछ।
- अधुरो सडक योजनाहरुलाई प्राथमिकतामा राखी कार्य गरिने छ।
- निर्माणसंग सम्बन्धीत सम्पूर्ण कार्य अन्य दातृ संस्थासंग सहयोग तथा सहकार्य गरी अगाडी बढने योजना रहेको छ।
- वडा नं. १ र २ मा रहेका नदीमा तटबन्ध गरिनेछ।
- बाहै महिना आवत जावत गर्न कुनै कठीनाई नहुने गरी सडकको मर्मत सम्भार गरिने उद्धेश्य रहेको छ।

## ६.२ सिंचाई तर्फ

- कृषि कार्यको लागि उपयुक्त वडाको पहिचा गरी सो वडा डिप बोरिङ्ग जडान गर्न मुख्य प्राथमिकतामा राखिने छ।
- यस विश्रामपुर गाउँपालिका कृषि कार्यमा संलग्न क्षेत्रभित्र सिचाईको मधेश प्रदेश सरकार संग समन्वय गरी सिंचाईको लागि पहल गर्न लक्ष्य राखिएको छ।
- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी स–साना – सिंचाई तथा मर्मत आयोजनाहरु संचालन गरिनेछ।
- सिंचाई सुविधा बिस्तारको लागि डिप बोरिङ्ग र स्यालो टयूबेल जडान कार्य अगाडि बढाइनेछ।
- जलश्रोतको मुहानहरुलाई संरक्षण गर्ने, स–साना पक्कि सिचाई परियोजना संचालन गर्ने योजना रहेको छ।

## ७. वन, वातावरण तथा विपद् ब्यवस्थापन

- प्राकृतिक तथा अप्राकृतिक विपदवाट निजी तथा सार्वजनीक, प्राकृतिक एवम साँस्कृतिक सम्पदा संरक्षण तथा राहत वितरणका लागि विपद व्यवस्थापन कोषको स्थापना गरिने छ।
- विषद व्यवस्थापन लागि दक्ष जनशक्ति तयार गरिने छ।

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

- सार्वजनिक जग्गा छुटयाई बृक्षारोपण गरी नजीकको जग्गा धनीलाई जिम्मा लगाईने व्यवस्था गरिएको छ।
- खेल्ला नियन्त्रण गर्न विभिन्न कार्यक्रम संचालन गरिने योजना रेहेको छ।
- Green Village अवधारणा अनुरुष एक घर एक रुख, सम्पूर्ण सडक छेउमा रुखको लागि निशुल्क विरुवा वितरण योजना रहेको छ।
- वातावरण उर्जा तथा जलवायु परिर्वतन शाखा स्थापना गरिनेछ।

## ८. सुशासन तथा संस्थागत विकासः

- विश्रामपुर गाउँपालिकालाई प्रविधी मैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन It freindly वातावरण को सृजना गरिनेछ।
- विश्रामपुर गाउँपालिकाको वित्तिय कारोवारलाई कम्प्युटरीकृत गरी थप व्यवस्थित गरिनेछ। वडास्तर वाट संकलन हुने राजश्वलाई Intranet computer system गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गरी थप व्यवस्थित वनाइनेछ।
- गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध मोवाइल एप्स उपलव्ध गराउने छ।
- गाउँपालिकाको वेब पेजमा सम्रपूण कृयाकलाप समयमा अपलोड गरिनेछ।
- गाउँपालिका मातहतमा पर्ने सम्पूर्ण कार्यालयहरुमा विद्युतिय हाजरीको व्यवस्था गरी प्रभावकारी बनाउने।
- शान्ति सुरक्षा व्यवस्था कायम गर्न पालिका प्रहरीको व्यवस्थापन गरिने छ। पालिकामा रहेका गाउँ प्रहरीहरु लाई तालिम तथा कार्य जिम्मेवारी अनुसार खटनपटनको व्यवस्था गरिने छ।
- गाउँपालिकाको क्रियाकलापलाई पारदर्शी जवाफदेही रसामाजिक परिक्षण गरिनेछ।
- सेवाग्राहीलाई सुशासनको प्रत्याभुति दिलाउन समयमा नै सेवा प्रवाह गरिनेछ।
- सेवालाई जनउत्तरदायि र सहभागितामुलक बनाउँदै लगिनेछ।

### ८.१ सुचना प्रविधि तर्फः

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि म्
गा.पा. अध्यक्ष

- वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरुमा Online server जडान गरी बायोमेट्रिक हाजिरी, आफिस अटेमेशनको कार्यलाई अगाडी बढाईने छ ।
- यस विश्रामपुर बासीलाई सूचना प्रविधिमा पहुच ल्याउनलाई मोबाइल एप संचालन गरिने छ ।
- गाउँपालिकाको पहलमा गाउँपालिका र प्रत्येक वडाहरुको बस्तुगत विवरण प्रोफाइल तयार गर्न लगाई पुस्तक प्रकाशन गरिने छ ।
- बिकास निर्माणका सम्पूर्ण गतिविधीहरुलाई रेडियो तथा पत्र पत्रिका मार्फत प्रचार प्रसार एवम् जानकारी गराईने छ ।
- टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल, नेपाल टेलिभिजन लगायतका कम्पनीहरुमा विशेष पहल गरिने छ ।
- अभिलेख व्यवस्थापनमा नविनतम प्रविधीको प्रयोग गरिने छ ।
- गाउँपालिकाको कार्यालयमा कम्प्युटर तथा इन्टरनेट प्रयोगलाई उच्च प्राथमित्ता दिइने छ । अन्तर कार्यालयमा गरिने हरेक पत्राचार अनिवार्य रुपमा कम्प्युटर टाइपको सुनिश्चिता गरिने छ । तथा इलेक्ट्रोनिक मेलको प्रयोगलाई उच्च प्राथमित्ता दिइने छ ।
- बालबालिकालाई सूचना प्रविधिको ज्ञान दिलाउन कम्प्युटर शिक्षामा जोड दिइने

## ९. आर्थिक २०८३/०८४ को अनुमानित आय विवरण

**आय तर्फः**

अगामी आर्थिक बर्ष २०८३/०८४ का लागि अनुमान गरिएको खर्च श्रोत व्यवस्थापन गर्न संघिय तथा प्रदेश सरकारको वितिय समानिकरण अनुदानबाट १० करोड ९ लाख ८७ हजार, संशर्त संघिय चालु तर्फ रु. ११ करोड र पुजीगत तर्फ ८८ लाख, संघिय विशेष अनुदान रु. १ करोड ७६ लाख, , संघिय समपुरक अनुदान २५ लाख , प्रदेश शसर्त अनुदान २० लाख , प्रदेश समपुरक अनुदान ३० लाख र संघिय तथा प्रदेश सरकारको राजश्व बाँडफाँडवाट ८ करोड २७ लाख ४३ हजार , स्थानिय राजश्व बाँडफाँड तर्फ १ करोड ७५ लाख र आन्तरिक श्रोत तर्फ १ करोड गरि जम्मा ३५ करोड ५५ लाख १३ हजार आय हुने अनुमान गरेको छु ।

माथि उल्लेखित आय अनुसार देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरेको छु ।

| विषयगत क्षेत्र | उपक्षेत्रगत | विनियोजन रकम | कैपीयत |
|---|---|---|---|
| संघिय विशेष र समपुरक र अनुदान | विशेष अनुदान | १७६००००० | |
| | समपुरक अनुदान | २५००००० | |
| सशर्त संघिय सरकार सशर्त | सशर्त अनुदान (पुजीगत) | ८८००००० | |
| | सशर्त अनुदान (चालु) | ११००००००० | |
| मधेश प्रदेश | सशर्त अनुदान | २०००००० | |
| | विशेष अनुदान | ३०००००० | |
| | | | |
| आर्थिक विकास | कृषि तथा पशु विकास | ४०००००० | |
| | पर्टयन | १२१००००० | |
| | उद्योग तथा वाणिज्य | ५००००० | |
| | रोजगार सेवा केन्द्र | ८००००० | |
| | | | |
| समाजिक विकास | स्वास्थ्य | ५०००००० | |
| | शिक्षा | १९०८३००० | |
| | खानेपानी तथा सरसफाई | ८००००० | |
| | महिला, बालवालिका, जेष्ठ नागरिक | ५००००० | |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (समाजिक) | १९००००० | |
| | संस्कृति प्रबद्र्धन | १८००००० | |
| पूर्वधार विकास | सडक तथा पुल | १४५००००० | |
| | भवन तथा सहरी विकास | ५४००००० | |
| | ऊर्जा | ५०००००० | |
| | सिंचाई | १९००००० | |

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि कुरैशी
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| वन, वातावरण तथा विपद् व्यवस्थापन | विपद् व्यवस्थापन | १२००००० | |
| सुशासन तथा संस्थागत विकास | प्रशासनिक तथा कार्यालय सञ्चालन | ९३७६३००० | |
| | बिद्युतीय सूचना प्रविधिको प्रयोग | ५००००० | |
| | म्याचिङ्ग फण्ड | ६४८४००० | |
| | संस्थागत क्षमता विकास | ५००००० | |
| वडा तर्फ | **१ नं. वडा** | | |
| | आर्थिक विकास | १६००००० | |
| | पुर्वाधार विकास | ४९००००० | |
| | समाजिक विकास | ७००००० | |
| | सुशासन तथा संस्थागत विकास | ३००००० | |
| | **२ नं. वडा** | | |
| | पुर्वाधार विकास | ५०००००० | |
| | समाजिक विकास | ११००००० | |
| | सुशासन तथा संस्थागत विकास | ९००००० | |
| | **३ नं. वडा** | | |
| | आर्थिक विकास | १४००००० | |
| | पुर्वाधार विकास | ४३५०००० | |
| | समाजिक विकास | ९५०००० | |
| | सुशासन तथा संस्थागत विकास | ३००००० | |
| | **४ नं. वडा** | | |
| | पुर्वाधार विकास | ४०००००० | |

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि मु[illegible]
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| | आर्थिक विकास | २०००००० | |
| | समाजिक विकास | १०००००० | |
| | **५ नं. वडा** | | |
| | पुर्वाधार विकास | २९४०००० | |
| | समाजिक विकास | ३६०००० | |
| | आर्थिक विकास | ३०००००० | |
| | सुशासन तथा संस्थागत विकास | ७००००० | |
| आ.व. २०८३।०८४ को कुल जम्मा विनियोजित रकम | | ३५५१३०००० | |

अन्तयमा प्रस्तुत निति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवम् पारोक्षरुपमा अमुल्य सुझाव एवम् सहयोग पुर्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय प्रतिनिधि तथा प्रदेशसभा सदस्य ज्यूहरु, प्रदेश सरकार, वडाका वडाध्यक्ष एवम् सदस्य ज्यूहरु, सबै राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विषय गत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवम् सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउँपालिका वासी र गाउँसभा तयारीका लागि खटिने गाउँपालिका सबै कर्मचारीहरु प्रति अभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

२ नं. वडा अध्यक्ष एवम् सभा सदस्य
श्री मनोज कुमार यादव
विश्रामपुर गाउँपालिका
विश्रामपुर , बारा

मिति २०८३/०३/०६ गते शनिवार

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार आलि
गा.पा. अध्यक्ष